# नगर कार्यपालिकाको पच्चिसौं बैठक

## मितिः २०८०/११/१० गते बिहीबार

प्रस्तावहरुः-

१) विषयगत क्षेत्र विभाजन तथा जिम्मेवारी विभाजन सम्बन्धमा ।

२) जीतपुरसिमरा उपमहानगरगरपालिकाका वडा नं. १८ को भूमिहीन दलित/भूमिहीन सुकुम्बासीहरुको लगत संकलित फाराम प्रणालीबाट हटाउने सम्बन्धमा ।

३) वडाको बजेटबाट शैक्षिक अनुदानका शिक्षकको अस्थायी दरबन्दी स्वीकृत सम्बन्धमा ।

४) नगर शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा ।

<u>सम्वत् २०८० साल फाल्गुन १० गते बिहीबार बसेको कार्यपालिकाको पच्चिसौं बैठकका निर्णयहरुः-</u>

<u>निर्णय नंः- (१)</u>

राष्ट्रिय योजना आयोगद्धारा जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा नं. ३.५.१ बमोजिम आ.व. २०८१/०८२ को लागि योजना तर्जुमा अन्तरगत बजेटको पूर्व तयारीको खण्डको कार्यान्वयन गर्न तपसिल बमोजिम विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने ।

<u>तपसिलः</u>

| सि.नं. | विषयगत क्षेत्र | उपक्षेत्र | दिगो विकासको लक्ष्य सामान्यीकरण | गठन भएका विषयगत समिति | दिग्दर्शन बमोजिमको गठन गर्नु पर्ने विषयगत/क्षेत्रगत समिति र सदस्यहरु |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | कृषि, सिचाई, पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय सेवा | ✓ गरिबी हटाउनु,<br>✓ शुन्य भोकमरी,<br>✓ मर्यादित काम तथा आर्थिक वृद्धि,<br>✓ असमानतामा कमी | आर्थिक विकास समिति | <u>आर्थिक विकास समिति</u><br>१. कार्यपालिका सदस्य, श्री चतुर बाबु वाग्ले - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री रसुल मियाँ अंसारी - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री भिम बहादुर गंतान - सदस्य<br>४. कार्यपालिका सदस्य, श्री शेखर काजी रूम्बा - सदस्य<br>५. महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख, श्री दुर्गा न्यौपाने - सदस्य सचिव |
| | | | | श्रम, उद्योग, वाणिज्य तथा रोजगार प्रवर्द्धन समिति | <u>श्रम, उद्योग, वाणिज्य तथा रोजगार प्रवर्द्धन समिति</u><br>१. कार्यपालिका सदस्य, श्री प्रह्लाद साह सोनार - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री सुनिल कुमार गुप्ता - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री दिपेन्द्र चौधरी - |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सदस्य<br>४. कार्यपालिका सदस्य, श्री हेमनारायण चौधरी - सदस्य<br>५. भूमि प्रशासन शाखा प्रमुख, श्री राम प्रसाद शर्मा पौडेल - सदस्य सचिव |
| | | | | कृषि, सहकारी, भूमि व्यवस्थापन र गरिबी निवारण समिति | <u>कृषि, सहकारी, भूमि व्यवस्थापन र गरिबी निवारण समिति</u><br>१. कार्यपालिका सदस्य, श्री प्रभावती देवी पासवान - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री राम प्रसाद लामिछाने - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री सुल्तान अंसारी - सदस्य<br>४. उद्योग, पर्यटन, श्रम तथा सहकारी शाखा प्रमुख, श्री सुधन चौधरी - सदस्य सचिव |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई,संस्कृतिक प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संरक्षण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक | ✓ स्वस्थ जीवन र आरोग्यता,<br>✓ गुणस्तरीय शिक्षा,<br>✓ लैङ्गिक समानता,<br>✓ स्वच्छ पानी र सरसफाई | सामाजिक विकास समिति | <u>सामाजिक विकास समिति</u><br>१. कार्यपालिका सदस्य, श्री सुकुमाया कुमारी लामा - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री कैमुदिन अन्सारी - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री चयन गुरूङ - सदस्य<br>४. कार्यपालिका सदस्य, श्री बिन्दालाल साह - सदस्य<br>५. जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख, श्री रवि कुमार भास्कर - सदस्य सचिव |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार | ✓ सबैले धान्न सक्ने स्वच्छ उर्जा,<br>✓ उद्योग, नविन खोज तथा पूर्वाधार,<br>✓ दिगो शहर तथा समुदाय | पूर्वाधार विकास समिति | <u>पूर्वाधार विकास समिति</u><br>१. कार्यपालिका सदस्य, श्री अर्जुन वि.क. - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री हिरा बहादुर गुरूङ - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री पवित्रा माया कार्की - सदस्य<br>४. कार्यपालिका सदस्य, श्री मोतिलाल राउत यादव - सदस्य<br>५. योजना तथा अनुगमन शाखा प्रमुख, श्री बालाराम खड्का - सदस्य सचिव |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | वन, भू तथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकुलन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् | ✓ उत्तरदायी उपभोग तथा उत्पन्न,<br>✓ जलवायु परिवर्तन अनुकुलन कार्य,<br>✓ जमिन माथिको जीवन | वातावरण तथा विपद् व्यवस्थापन समिति | <u>वातावरण तथा विपद् व्यवस्थापन समिति</u><br>१. कार्यपालिका सदस्य, श्री दिपेन्द्र कुमार क्षेत्री - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री धन बहादुर श्रेष्ठ - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री माया देवी चौधरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जोखिम न्यूनीकरण र व्यवस्थापन, वातावरण तथा फोहरमैला व्यवस्था | | | - सदस्य<br>४. वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख, ई. पुष्पा सिंह - सदस्य सचिव |
| ५ | सुशासन तथा संस्थागत विकास | संगठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखा परिक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय | ✓ शान्ति, न्यायपूर्ण समाज र बलिया संस्था,<br>✓ बहुसरोकार र साझेदारी | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | <u>सार्वजनिक सेवा तथा क्षमता विकास समिति</u><br>१. कार्यपालिका सदस्य, श्री संजय पटेल - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री शिव शंकर महतो कोइरी - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री सुबास श्रेष्ठ - सदस्य<br>४. कार्यपालिका सदस्य, श्री मुस्तकिम अन्सारी - सदस्य<br>५. प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख, श्री रामेश्वर बन्जारा - सदस्य सचिव |
| | | | | विधेयक समिति | <u>विधेयक समिति</u><br>१. कार्यपालिका सदस्य, श्री बुद्ध कुमारी अधिकारी - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री भोज बहादुर खत्री - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री हरिदेव खरेल - सदस्य<br>४. कार्यपालिका सदस्य, श्री श्याबाबु खाँ - सदस्य<br>५. राजस्व प्रशासन शाखा प्रमुख, श्री रमेश सुवेदी - सदस्य सचिव |

<u>निर्णय नं.:- (२)</u>

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १८ का भूमिहिन दलित/भूमिहिन सुकुम्बासिहरुले *<u>भूमिहिन दलित, भूमिहिन सुकुम्बासि र अव्यवस्थित बसोबासिहरुको लगत संकलन सम्बन्धि कार्यविधि २०७८</u>* बमोजिम भूमिहिन दलित/भूमिहिन सुकुम्बासिहरुले अनुसुचि-३ बमोजिमको रातो फारम र अव्यवस्थित बसोबासिहरुले अनुसुचि-४ बमोजिमको सेतो फारम भर्ने व्यवस्था भएकोमा प्राविधिक त्रुटिले भूमिहिन दलित/भूमिहिन सुकुम्बासिहरुको अनुसुचि-४ बमोजिमको सेतो फारम भरि अनलाईन दर्ता/प्रणालिमा प्रविष्ट भएकोले सो विवरणहरु प्रणालिबाट हटाई पुन अनुसुचि-३ बमोजिमको रातो नयाँ फारमबाट लगत भराई प्रणालिमा प्रविष्ट गर्नको लागि उक्त विवरणहरु प्रणालिबाट हटाउन राष्ट्रिय भूमि आयोग, जिल्ला समिति-बारालाई सिफारिस गर्ने र नयाँ भरिएका फारमहरुको निवेदन मिति र दर्ता नं. साविकमा भएकै राखि प्रविष्ट गराउने निर्णय गरियो।

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.:- (३)

आ.व. २०८०/०८१ मा सामुदायिक विद्यालयहरुलाई अस्थायी/ करार शिक्षक नियुक्तिका लागि वडास्तरीय विनियोजित वजेट शिर्षक शैक्षिक अनुदानवाट पारिश्रमिक भुक्तानी हुने गरी वढीमा एक आर्थिक वर्षका लागि तपसिलका विद्यालयहरुका लागि तपसिल अनुसारका अस्थायी/करार शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृति गर्ने ।

तपसिल:

| वडा नं. | विद्यालयको नाम | पद | संख्या | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | श्री ने.रा.मा.वि. पथलैया | नि.मा.शि. | १ | शैक्षिक अनुदान |
| | | प्रा.वि. | २ | |
| | | बालविकास | ३ | |
| | | कार्यालय सहयोगी | १ | |
| | | चौकीदार | १ | |
| १० | श्री ने.रा.आ.वि. नितनपुर | नि.मा.शि. | १ | शैक्षिक अनुदान |
| १० | श्री परमानन्द ने.रा.आ.वि. नयां बेहरा | बालविकास | १ | शैक्षिक अनुदान |
| १० | श्री ने.रा.आ.वि. बेहरा बलुवा | बालविकास | १ | शैक्षिक अनुदान |
| २१ | साङ्गे छोयलिङ्ग आधारभुत बौद्ध विधालय | प्रा.वि (लामा भाषा/वौद्ध विद्यालय) | १ | शैक्षिक अनुदान |

निर्णय नं.-४

जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन, २०७५ को परिच्छेद-४, दफा १५ को उपदफा (१) बमोजिमको नगर शिक्षा समितिमा देहायका क्षेत्रबाट तपसिलका पदाधिकारिहरुलाई ऐ.ऐ. समितिको सदस्य पदमा मनोनित गर्ने ।

तपसिल:

| क्र.सं. | क्षेत्र | कार्यपालिकाबाट मनोनित सदस्यहरु | कैफियत |
|---|---|---|---|
| क. | नगर कार्यपालिका महिला तथा दलित सदस्यहरुसहित कार्यपालिकाले मनोनित गरेका ३ जना सदस्यहरु | १. कार्यपालिका सदस्य, श्री चयन गुरुङ्ग | १४ नं. वडा अध्यक्ष |
| | | २. कार्यपालिका सदस्य, श्री हिरा बहादुर गुरुङ्ग | १ नं. वडा अध्यक्ष |
| | | ३. कार्यपालिका सदस्य, श्री पवित्रा माया कार्की | कार्यपालिका सदस्य |
| ख. | नगर सभा सदस्यहरुमध्येबाट ३ जना (कार्यपालिकाले चयन गर्ने) | १. नगरसभा सदस्य, श्री हरिदेव खरेल | १६ नं. वडा अध्यक्ष |
| | | २. नगरसभा सदस्य, श्री नविन मैनाली | ७ नं. वडा सदस्य |
| | | ३. नगरसभा सदस्य, श्री सुरेश प्रसाद यादव | ११ नं. वडा सदस्य |

राजन पौडेल
नगर प्रमुख